# तिनाउ गाउँपालिकाको विनियोजन विधेयक २०८०

## तिनाउ गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरूकोलागि स्थानीय संचितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा वनेको विनियोजन ऐन २०८०

**प्रस्तावना**

तिनाउ गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को सेवा तथा कार्यहरूको संचालनको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले , नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तिनाउ गाउँपालिकाले यो ऐन वनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१.१) यस ऐनको नाम तिनाउ गाउँपालिकाको विनियोजन ऐन २०८० रहेको छ ।
(१.२) यो ऐन पारीत भए पछि तुरुन्त लागु हुनेछ ।

**२. आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार**

(२.१)आर्थिक वर्ष २०८०।०८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी रू. ४९,७२,२४,०००।०० (अक्षरूपी उननपचास करोड बहत्तर लाख चौविस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गरिनेछ ।

**३. विनियोजन**

(३.१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त तिनाउ गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(३.२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम  हेरफेर गर्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्नेगरी कुनै एक वा एक भन्दा बढी शिर्षकबाट अर्को एक वा एक भन्दा बढी शिर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तीय  व्यवस्था अर्न्तगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तनी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३.३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा वढी शिर्षकमाा रकम सार्न परेमा गाउँसभाको स्वीकृती लिनु पर्नेछ ।

## अनुसूची १
## दफा २ संग सम्वन्धित
## नेपालको संविधानको धारा २२९(२)बमोजिम
## संचितकोषबाट विनियोजन हुने रकम

| क्रसं. | अनुदान संख्या | शिर्षकको नाम | चालुखर्च रू. | पुँजीगत खर्च रू. | वित्तिय व्यवस्था | जम्मा रू. |
|---|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका , वडा समिति र विषयगत शाखा | ३०,३०,७४,००० | १९,४१,५०,००० | ० | ४९,७२,२४,००० |
| २ | | ऋणको सावाँ व्याज भुक्तानी | ० | ० | ० | ० |
| ३ | | लगानी (शेयर, ऋण) | ० | ० | ० | ० |
| जम्मा | | | ३०,३०,७४,००० | १९,४१,५०,००० | ० | ४९,७२,२४,००० |

**संचितकोषबाट विनियोजन हुने रकम रू.** ४९,७२,२४,०००

| क्र.सं. | श्रोत | आय शिर्षक | अनुमानित रकम | अक्षरूपि रु | क्र.सं. | व्यय तर्फ | अनुमानित रकम | अक्षरूपि |
|---|---|---|---|---|---|---|---|---|
| १. | नेपाल सरकार | शसर्त अनुदान | २१६७००००० | एकाइस करोड सत्सठ्ठी लाख | १ | चालु खर्च तर्फ | ८६३७४००० | आठ करोड तीरसाठी लाख चौहत्तर हजार |
| २. | नेपाल सरकार | समानीकरण अनुदान | ८५३००००० | आठ करोड त्रिपन्न लाख | २ | गाउँपालिका तर्फका योजना | १०१५००००० | दस करोड पन्ध्र लाख |
| ३. | नेपाल सरकार | विशेष अनुदान | ८०००००० | अस्सी लाख | ३ | वडा शिलिङ्ग योजना | ४०००००००० | चार करोड |
| ४. | नेपाल सरकार | समपूरक अनुदान | ८०००००० | अस्सी लाख | ४ | प्रदेश समपुरक योजना | २००००००० | दुई करोड |
| ५. | नेपाल सरकार | राजश्व बाँडफाँट | ८४३००००० | आठ करोड तीरचालीस लाख | ५ | नेपाल सरकार समपुरक योजना | १६०००००० | एक करोड साठी लाख |
| | **नेपाल सरकार जम्माः** | | **४०२३००००००** | **चालीस करोड तेइस लाख** | ६ | ससर्त खर्च नेपाल सरकार | २१६७००००० | एकाइस करोड सत्सठ्ठी लाख |
| १. | लुम्विनी प्रदेश सरकार | सशर्त अनुदान पुँजीगत | ६०००००० | साठी लाख | ७ | ससर्त तर्फका योजना प्रदेश सरकार | २६५०००० | छब्बीस लाख पचास हजार |
| २ | लुम्विनी प्रदेश सरकार | सर्सत अनुदान | २६५०००० | छब्बीस लाख पचास हजार | ८ | विशेष योजना नेपाल सरकार | ८०००००० | अस्सी लाख |
| ३ | लुम्विनी प्रदेश सरकार | समानीकरण अनुदान | ५९५९००० | उनान्न्साठी लाख उनान्न्साठी हजार | ९ | प्रदेश सर्सत पुँजीगत अनुदान | ६०००००० | साठी लाख |
| ४. | लुम्विनी प्रदेश सरकार | समपूरक अनुदान | १०००००००० | एक करोड | | जम्मा व्यय | ४९७२२४००० | उनन्चास करोड बहत्तर लाख चौबीस हजार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | लुम्विनी प्रदेश सरकार | राजश्व बाँडफाँड | ५३१५००० | त्रिपन्न लाख पन्ध्र हजार | | | | |
| | प्रदेश सरकार जम्माः | | २९९२४००० | दुई करोड उनान्सय लाख चौबीस हजार | | | | |
| | **संघ र प्रदेश जम्माः** | | **४३२२२४०००** | **तीरचालीस करोड बाइस लाख चौबीस हजार** | | | | |
| १. | अनुमानित आन्तरिक आय | गाउँपालिका | ३१०००००० | तीन करोड दस लाख | | | | |
| २. | अनुमानित अल्या रकम | गाउँपालिका | ३४०००००० | तीन करोड चालीस लाख | | | | |
| | जम्मा आय | गाउँपालिका | ४९७२२४००० | उननचास करोड बहत्तर लाख चौबीस हजार | | | | |
| | | | | | | | | |